# मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

स्थापना: २०७३

१ नं. प्रदेश नेपाल

(कार्यपालिका बैठक) मिति: २०७९/१२/१६

बैठक सुरू समय: विहान ८ बजे बैठक संख्या: १८ औं

बैठकको अध्यक्षता: विजय प्रकाश वनेम

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | [signature] |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | [signature] |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | [signature] |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | [signature] |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | [signature] |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | [signature] |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | [signature] |
| ९ | श्री रिता शेर्पा | सदस्य | [signature] |
| १० | श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | [signature] |
| ११ | श्री बिनु लिम्बु | सदस्य | [signature] |
| १२ | श्री तुलसा बराईली | सदस्य | [signature] |
| १३ | श्री सुनिता फागो | सदस्य | [signature] |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | [signature] |
| १५ | श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | [signature] |

# मैवाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## साँघु, ताप्लेजुङ
### स्थापना: २०७३

१ नं. प्रदेश नेपाल

मिति: २०७९/१२/१६

**मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/१२/१६ गते बसेको सत्रौ बैठकका निर्णयहरू**

| निर्णय नं. | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १ | मैवाखोला गाउँपालिकाको आवधिक योजना निर्माणको लागि निर्देशक समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. विजय प्रकाश वनेम (संयोजक)<br>२. कमल कुमारी लिम्बु (उप-संयोजक)<br>३. चन्द्र कुमार तामाङ (सदस्य)<br>४. नरेन्द्र लिम्बु (सदस्य)<br>५. खगेन्द्र थक्लुङ (सदस्य)<br>६. केशर लिम्बु (सदस्य)<br>७. नरकुमारी लिम्बु (सदस्य)<br>८. फुर्वा शेर्पा (सदस्य)<br>९. राजुमान लिम्बु (सदस्य)<br>१०. कार्यापालिका सदस्यहरु (सदस्य)<br>११. विषयगत शाखा प्रमुखहरु (सदस्य)<br>१२. संयोजकले तोकेको नीजि क्षेत्र,गैसस, स्थानीय विषय विज्ञ ३ जना (सदस्य)<br>१३. लक्ष्मीमाया गोम्देन (सदस्य-सचिव) | |
| २ | मैवाखोला गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७९ पारिद गरियो। | |
| ३ | आवधिक योजना निर्माण गर्न विनियोजित रकमबाट खर्च गर्ने गरी पालिकाको मध्यमकालिन खर्च संरचना र राजश्व सुधार सम्बन्धी योजना निर्माण गर्ने निर्णय गरियो। | |
| ४ | अघिल्लो आ.व. ०७८/७९ मा सुचिकरण भएका कृषकहरुको विवरणलाई सम्बन्धित वडा समितिका पदाधिकारीहरु र टोलविकास संस्थाका अध्यक्षहरु र कृषि तथा पशुशाखाका कर्मचारीहरुको संयुक्त उपस्थितिमा विवरण मुल्याङ्कन गरी स्वीकृत गर्न निर्देशन दिने निर्णय गरियो। | |

| | | |
|---|---|---|
| ५ | चालु आ.व.को दलित लक्षित कार्यक्रममा रहेको रु. ९९९,६००। (गा.पा.को आन्तरिक स्रोत र प्रदेश अनुदान गरी) बजेटबाट प्रत्येक वडामा रहेका दलितहरु मध्येबाट तपसिल बमोजिम दलित लक्षित कार्यक्रम गर्ने निर्णय गरियो।<br>तपसिलः<br>वडा नं.१ मा १ घरको छानाको लागि जस्ता पाता, १ घरको लागि चुदारो मेसिन र १० घरलाई १/१ बटा उन्नत जातको बाख्रापाठा खरिद गरी बितरण गर्ने,<br>वडा नं. २ मा १ घरको लागि चुदारो मेसिन र ५ घरको लागि १/१ जोडी सुगुर पाठापाठी खरिद गरी बितरण गर्ने,<br>वडा नं. ३ मा ५ घरको लागि १/१ जोडी सुगुर पाठापाठी खरिद गरी बितरण गर्ने,<br>वडा नं. ४ मा ३ घरको लागि १/१ वटा आरन खरिद गरी बितरण गर्ने,<br>वडा नं. ५ मा ८ घरको लागि १/१ जोडी सुगुर पाठापाठी खरिद गरी बितरण गर्ने,<br>वडा नं. ६ मा २ घरको लागि घरको छानालाई लाग्ने जस्ता खरिद गरी बितरण गर्ने। | |
| ६ | मैवाखोला गाउँपालिकाको लोगो निर्माण गर्न मैवाखोला गाउँपालिकाको विशेषता झल्किने गरी मैवाखोला गाउँपालिकाको नक्सा, लालिगुरासँ, सिन्धोलुङ झरना, वन, अलैची, फागोमाङ्गेनायक र रेडपाण्डाको नक्सा संलग्न गरी गाउँपालिकाको लोगो निर्माण गर्न प्रतिस्पर्धाको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो। | |
| ७ | लोकसेवा आयोगको तयारीका लागि मैवाखोला गाउँपालिकाबाट महिला, दलित, अपाङ्गता लगायतका लक्षित वर्गलाई समावेश हुने गरि सहायक चौथो/खरिदार सो सरह र सहायक पाचौं/ना.सु. सोरह पदको लागि ७ दिने लोकसेवा तयारी अभिमुखिकरण कक्षा सञ्चालन गर्ने निर्णय गरियो। | |
| ८ | उद्योग सञ्चालनका लागि अध्ययन अनुसन्धान शिर्षकमा रहेको रु ५ लाख बजेटबाट वडा नं. २ र वडा नं. ४ मा रहेको पानीका मुहानहरुको मिनिरल परिक्षण गर्न बिज्ञ प्राविधिक झिकाई परिक्षण गर्ने निर्णय गरियो। | |
| ९ | नारायणी मा.वि. साँघुको भवन निर्माण गर्न सुनसरी जिल्ला धरान उ.प.म.न.पा. ८ बस्ने श्री हरी लिम्बुको नाममा रहेको कि.नं. ४५५ को १-१२-१-१ क्षेत्रफल ससीम र कि.नं. ४५३ मध्येबाट १-७-०-३ क्षेत्रफल र ताप्लेजुङ जिल्ला मैवाखोला-३ (साविक साँघु-६) बस्ने शुकमति लिम्बु र डम्बर कुमारी लिम्बुको संयुक्त नाममा रहेको कि.नं. ४५७ को ४-१३-१-२ क्षेत्रफल ससीम र कि.नं. ४६५ मध्येबाट १-६-३-३ क्षेत्रफल बराबरको जग्गा नारायणी मा.वि.को नाममा ग्रहण गर्ने निर्णय गरियो। | |
| १० | मैवाखोला-६ मा रहेको साम्तुङ टोलविकास संस्था गठन गर्दा आमभेला नगरी गठन गराएको भनि विवाद आएकाले वडा नं. ६ को च.नं. १८८ मिति २०७९/१२/०९ गतेको पत्रानुसार विगठन गरी आवश्यक प्रक्रियाबाट ७ दिन भित्र पुनःगठन गर्न निर्देशन दिने निर्णय गरियो। | |
| ११ | नेपाल घरेलु तथा साना उद्योग राष्ट्रिय महासंघले आयोजना गरेको औद्योगिक तथा पर्यटन मेला कार्यक्रमका लागि विविध खर्च शिर्षकबाट रु. ३०,०००। रकम महासंघलाई सहयोग गर्ने निर्णय गरियो। | |
| १२ | मैवाखोला-१ ढुङ्गेसाँघुमा रहेको लिवर्टी युवा क्लवले खेलकुद प्रतियोगिता सञ्चालन गर्न आर्थिक सहयोगको माग अनुसार विविध शिर्षकबाट रु ४०,०००। रकम सहयोग गर्ने निर्णय | |

| | | |
|---|---|---|
| | गरियो । | |
| १३ | वडा नं. २ निवासी लिलामाया लिम्बुको आगोमा जलेर मृत्यु भएकाले निजको परिवारलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ३५,०००। रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरियो । | |
| १४ | पाठ्यक्रम प्रबोधीकरण शिर्षकमा रहेको २ लाख रुपैयाँबाट विद्यालय सुधार योजना निर्माण गर्न २८ वटै बिद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई ५ दिने क्षमताविकास तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । | |
| १५ | मैवाखोला गाउँपालिकाको आ.व. ०७९/८० को समग्र आयव्ययको आन्तरिक लेखा परीक्षण गराउन आन्तरिक लेखा परीक्षक तोक्न कोष तथा लेखा नियन्त्रक कार्यालय ताप्लेजुङलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| १६ | स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन कार्यक्रम शिर्षकमा रहेको ५ लाख रुपैयाँबाट रु. ५० हजार रुपैयाँ रकमान्तर गरी डिजिटल माटो परिक्षण कार्यक्रममा रहेको ३ लाख रुपैयाँ बजेटमा थप गरी रु. ३ लाख ५० हजार रुपैयाँ बजेट बनाउने निर्णय गरियो । | |
| १७ | बाख्रा फर्म प्रबर्द्धन कार्यक्रम शिर्षकमा रहेको रु. ६ लाख रुपैयाँ बजेटबाट रु. २ लाख रुपैयाँ रकमान्तर गरी लक्षित कार्यक्रम मैवाखोला २ हात्तिखावा शिर्षकको बजेट रू ५ लाख ५० हजारमा थप गरी रू. ७ लाख ५० हजार रकम बराबरको कार्यक्रम बनाउने निर्णय गरियो । | |
| १८ | कर्मचारी पारिश्रमिक (MBBS डाक्टर) शिर्षकबाट इन्धन कार्यालय प्रयोजन शिर्षकमा रु. ६ लाख रुपैयाँ रकमान्तर गर्ने निर्णय गरियो । | |